स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्देशक दिनेश राउतले "पूजार सार्की"पछि फेरि एकपटक मल्टीस्टारर फिल्म बनाएका छन् । त्यो फिल्म हो, "महाभोज" । यसमा आर्यन सिग्देल, दयाहाङ राई, खगेन्द्र लामिछाने, अञ्जना बराइली, गौमाया गुरुङ, मलिका महत लगायतको मुख्य भूमिका छ । "स्टारकास्ट"कै कारण चर्चामा रहेको यो फिल्म गणतन्त्र दिवसको अवसर पारेर आगामी जेठ १५ गतेदेखि प्रदर्शनको तयारीमा छ ।


**आजको विचार...**



आहा .... (दुई पेजमा)

राम बहादुर गरन्जा (एसकुमार)

पछिल्लो समय पुराना कालजयी गीतलाई पुन: रेकर्ड गरेर फिल्ममा समावेश गर्ने ट्रेन्ड फस्टाएको छ। मेकरहरुलाई लाग्छ, पुरानो गीतको सहारा लिए फिल्मको राम्रो प्रचार हुन्छ। यसैले एकपछि अर्को गर्दै पुराना गीतहरु नयाँ भर्सनमा आइरहेका छन्। तर, प्राय: गीतले तालीभन्दा गाली नै ज्यादा पाएका छन्। पुरानो गीतमा जस्तो मीठास दर्शकले नयाँ भर्सनमा पाउन नसकेको देखिन्छ। यसैबीच, फिल्म "दैव संजोग"को लोकप्रिय गीत "अच्छा लेकिन लण्डनको"लाई पनि पुन: रेकर्ड गरेर फिल्म "नरसिंहा"मा समावेश गरिएको छ।



❒ वर्ष ३० ❒ अंक २६५ ❒ २०८२ वैशाख ८ गते सोमबार 21 April 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पा अस्पताल : दरबन्दी छ, डाक्टर छैनन्, आएका पनि टिक्दैनन्

**रामचन्द्र रायमाझी**

**पाल्पा, वैशाख ७/** लुम्बिनी प्रदेशकै सबै भन्दा पुरानो र जेठो अस्पतालको रुपमा रहेको पाल्पा जिल्ला अस्पतालमा ११ औं तहको कार्यालय प्रमुखसहित १२ जनाको विशेषज्ञ चिकित्सकको दरबन्दी छ । तर हाल एक जना मात्रै कार्यरत छन् । ति एक जना ११ औं तहको कार्यालय प्रमुख हुन् । तर उनी हप्तामा दुई/तीन दिन मात्रै अस्पतालमा हाजिर हुन्छन् । अन्य समय बुटवलमा निजी क्लिनिक हेर्ने गरेको स्रोतले जनाएको छ । यहाँ छात्रवृत्ति तथा समिति करारका स्वास्थ्यकर्मीहरुको भरमा अस्पताल चलेको छ ।

मेडिकल सुपरिडटेण्डेन, कन्सल्टट्यान्ट साइक्याट्रिक्स, कन्सल्टट्यान्ट अर्थोसर्जन, कन्सल्टट्यान्ट प्याथोलोजिष्ट, कन्सल्टट्यान्ट रेडियोलोजिस्ट, कन्सल्टट्यान्ट एनस्थेसियोलोजिस्ट, , कन्सल्टट्यान्ट जनरल सर्जन, कन्सल्टट्यान्ट सर्जन, कन्सल्टट्यान्ट अब्सट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट, कन्सल्टट्यान्ट पेडियाट्रिसियन, कन्सल्टट्यान्ट जनरल फिजिसियन जस्ता विशेषज्ञको दरबन्दी तोकिए पनि अहिलेसम्म पूर्ति हुन सकेको छैन् । अस्पतालमा ६ जना मेडिकल अधिकृतको समेत दरबन्दी रहेको छ । तर अधिकांश मेडिकल अधिकृत छात्रवृत्ति करारका छन् । ६४ जना स्वीकृत दरबन्दी रहेको छ । अहिले स्थायी पदपूर्ति २७ जना रहेको छ । दरबन्दी, करार, कार्यक्रम, छात्रवृत्ति तथा समिति करार गरी ८४ जना कर्मचारी कार्यरत रहेका छन् । सरकारले दरबन्दीअनुसारका विशेषज्ञ डाक्टर नपठाउँदा बिरामीको उपचारमा समस्या भएको छ । प्रदेश सरकारले पचाँस शैयाको अस्पतालको रुपमा घोषणा गरे पनि दरबन्दीअनुसार डाक्टर त छैनन् नै, पर्याप्त सुविधा नहुँदा विशेषज्ञ डाक्टर यहाँ बसेर जनतालाई सेवा दिन चाहेको देखिँदैन । विशेषज्ञ डाक्टर छोटो समय बस्ने जाने क्रम यहाँको नियति नै बनेको छ । यहाँ आउने विशेषज्ञ डाक्टरहरुको लागि एक्ट्रा सुविधान नहुँदा आए पनि लामो समय बस्न नमान्ने गरेको अस्पताल विकास समितिका अध्यक्ष गुराँस आत्रेयले बताए । *-बाँकी अन्तिम पेजमा...*




## संक्षिप्त समाचार


### डुबेर ६ जनाको मृत्यु

**(रासस/एएफपी)**

**सिड्नी, वैशाख ७/**आइतबार सिड्नी नजिकै चट्टानबाट खसेपछि एक मछुवाको मृत्यु भएको छ । योसँगै इस्टर सप्ताहन्तमा अस्ट्रेलियाको पूर्वी तटमा विशाल छालहरूले प्रहार गर्दा डुबेर मृत्यु हुनेको सङ्ख्या छ पुगेको छ ।

आपत्कालीन सेवाहरूले वाट्टामोला समुद्री तटमा दुई जनालाई छालबाट उद्धार गरेका थिए । तर उनीहरूमध्ये एकलाई बचाउन नसकिएको न्यु साउथ वेल्स प्रहरीले एक विज्ञप्तिमा बताएको छ । दक्षिणी सिड्नीको बाहिरी भागमा चट्टानबाट खसेको बेला यो जोडी माछा मार्दै थियो । दोस्रो व्यक्ति १४ वर्षीय किशोर अस्पतालमा स्थिर अवस्थामा रहेका छन् । यसले छुट्टीको सप्ताहन्तमा मृत्युको शृंखला जारी राखेको छ । शुक्रबारदेखि समुद्रमा बेपत्ता भएका अन्य दुई व्यक्ति - एक सिड्नीबाट र एक मेलबर्नबाट - को खोजी जारी छ । सर्फ लाइफ सेभिङ अस्ट्रेलिया ( एसएलएसए) ले बलियो छालहरूले न्यु साउथ वेल्स र भिक्टोरियाको तटहरूमा खतरनाक समुद्री अवस्थाहरू सिर्जना गर्नेछन् भन्दै बिहीबार एक चेतावनी जारी गरेको थियो । न्यु साउथ वेल्समा शुक्रबार तीन जनाको डुबेर मृत्यु भएको थियो भने मेलबर्न नजिकै समुद्रमा खसेपछि एक महिलाको मृत्यु भएको थियो भने एक जना पुरुष बेपत्ता भएका थिए । शनिबार केही ठाउँमा छालहरू तीन दशमलव पाँच मिटर (११ दशमलव पाँच फिट) जति अग्ला हुँदा दक्षिणी न्यु साउथ वेल्समा एक मछुवाको चट्टानबाट बगेर मृत्यु भएको थियो ।

## बुटवलमा मनाइयो जितगढी विजय उत्सव



**बुटवल, वैशाख ७/** नेपाली फौजले अंग्रेज सेनालाई हराएको दिनको स्मरणमा रुपन्देहीको बुटवलस्थित जितगढीमा विजय उत्सव मनाइएको छ । बुटवल उपमहानगरपालिकाले आयोजनामा आइतबार विजय उत्सव मनाइएको हो । नेपाल-अंग्रेज युद्धका बेला बुटवलको जितगढीमा नेपाली फौजले अंग्रेज फौजलाई हराएको ऐतिहासिक तथ्य छ । हार व्यहोरेपछि नेपाल कब्जा गर्न आएको अंग्रेज फौज पछि फर्किएको थियो । जितगढी किल्लामा कर्णेल उजिरसिंह थापाको नेतृत्वमा नेपाली फौजले वि.सं. १८७२ साल वैशाख ७ गते अंग्रेज फौजमाथि ऐतिहासिक विजय हासिल गरेको थियो । नेपाली सेनाको सहकार्यमा सोही खुसियालीमा बुटवल उपमहानगरपालिकाले प्रत्येक वर्ष जितगढी उत्सव मनाउँदै आएको छ ।

जितगढी किल्लामा कर्णेल उजिरसिँह थापा नेतृत्वको नेपाली फौजले अंग्रेज फौजमाथि जित हासिल गरेको थियो । अंग्रेज फौजलाई पराजित गरेर देशको सीमा र स्वाभिमान बचाएको सम्झनामा भव्य समारोहकाबीच जितगढी उत्सव मनाइएको हो ।

*-बाँकी अन्तिम पेजमा...*

## विदेशबाट फर्किएर बाख्रापालन व्यवसायमा युवा

**घोराही (दाङ),वैशाख ७/** वैदेशिक रोजगारबाट फर्किएका यहाँका युवा पशुपालन पेसामा आबद्ध हुँदै गएका छन् । जिल्लाका युवाहरू भैँसी, कुखुरा, बाख्रालगायत पेसा, व्यवसायमा सम्लग्न भएका हुन् ।

बाहिरी देशमा भने जस्तो तलब र काम नपाइने जनाउदैँ युवाहरू पछिल्लो समय पशुपालन व्यवसायबाट मनग्य आम्दानी गरिरहेका छन् । दाङमा मामा भान्जा मिलेर विगत तीन वर्षदेखि व्यावसायिक रूपमा बाख्रापालन व्यवसाय गर्दै आएका छन् । घोराही उपमहानगरपालिका-१२ रमनामा बुद्ध बाख्रा फार्ममार्फत व्यवसायमा जोडिएका ३४ वर्षीय भान्जा जनक बुढा र उनका मामा ५४ वर्षीय मनबहादुर बुढा बाख्रापालन व्यवसायबाट सन्तुष्ट छन् । जनक पाँच वर्ष र मनबहादुर २५ वर्ष रोजगारका लागि साउदीमा जीवन व्यतित गरेका हुन् । किसान जनक विदेशबाट आएर बाख्रापालन व्यवसाय सुरु गरेको बताउँछन् । उनले भने, "वार्षिक रूपमा बाख्राको बिक्रीबाट एक वर्षमा रु १० लाख आम्दानी हुन्छ । तर बाख्राको दानापानी, औषधिलगायतमा खर्च हुने हुँदा त्यति धेरै बचत गर्न सकिएको छैन, अरुको देशमा बसेर सोचेजस्तो कमाई गर्न नसकिएको हुँदा अहिले आफ्नै देशमा बाख्रापालन व्यवसायबाट सन्तृष्ट छौँ ।" फार्ममा हाल ७५ वटा बोयर, खरी र लोकल जातका बाख्रा छन् ।



*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## छन्द र यसको अवस्था

निश्चित वर्ण र मात्रामा आधारित सुर या लयलाई छन्द भनिन्छ । छन्द संस्कृतको 'छद्' धातुमा 'असुन' प्रत्यय जोडिएर बनेको हो । जसको अर्थ कस्नु, आनन्दित पार्नु, बाँध्नु हुन्छ । कवितामा रहेको वर्ण र मात्राका आधारमा कविताको लय, गति, यति, ध्वन्यात्मक आरोह अवरोह आदिको मापन गर्ने काम छन्दले गर्दछ । छन्दलाई काव्यको लयात्मक सौन्दर्य निर्माण गर्ने प्रमुख तत्वको रुपमा लिनु उपयुक्त हुन्छ । छन्दले कवितालाई पठनीय, मननीय, श्रवणीय र सम्प्रेषणीय बनाउने कार्य गर्दछ । काव्यको लयात्मक माधुर्यको निर्माण नै छन्दको महत्वपूर्ण कार्य हो । पौरतस्य साहित्यमा छन्दको प्रयोग वैदिक कालदेखि नै रहिआएको छ । वेदका श्लोकहरू छन्दोबद्ध हुनु र वेदका छ अङ्ग मध्ये एक छन्द पनि रहनुले छन्दको प्रयोग प्राचीन समय देखि नै रहिआएको व्यहोरा प्रस्टाउँछ । यद्यपी पछिल्लो समय साहित्य क्षेत्रमा छन्द लोप हुँदै गएको छ । यो अत्यन्त दुःखको कुरा हो । छन्दको संरक्षण गर्ने उद्देश्यले हरेक वर्ष नेपालमा छन्द दिवस मनाउने गरिन्छ । आज पनि विविध कार्यक्रम गरी मनाइँदै छ । दिवस मनाउने गरिए पनि औपचारिकतामै सिमित बन्न पुग्दा छन्द संकटमा परेको छ ।

कविता साहित्यमा छन्दको प्रयोग घट्दै गएपछि कवि माधव वियोगीले वि.सं. २०५३ साल बैशाख ८ गते छन्द बचाउ अभियान सुरु गरेका थिए । छन्दको प्रयोगलाई पुर्नस्थापना गर्ने प्रयत्न स्वरुप कवि वियोगीले अभियान सुरु गरेको दिनलाई नै हरेक वर्ष छन्द दिवसका रुपमा मनाउन थालिएको हो । साहित्यमा काव्य संस्कृतिको रक्षा र छन्द शैलीको उजागर गर्न यो दिवस मनाइन्छ । यो दिवस मनाउन लागेको पनि ३० वर्ष भयो । तर अहिलेसम्म छन्दको न संरक्षण भएको छ न त प्रवर्द्धन नै । पछिल्लो समय साहित्य क्षेत्रमा नयाँ-नयाँ विधाहरुको उदय भएसँगै छन्द विधा ओझेलमा पर्न थालेको छ ।

नेपाली साहित्यमा छन्दलाई कविता भन्दा बढी शास्त्रको दर्जा दिइए पनि यो विधा ओझेलमा पर्नु अत्यन्त दुखद् हो । छन्दको अस्तित्व अनादिकालबाट नै रहेकोले यसको वास्तविक उत्पत्ति सृष्टिकै आदिकाल भएको मानिन्छ । यसलाई धर्म संस्कृतिसँग जोडेर पनि हेर्ने गरिन्छ । त्यसैले छन्द कवितालाई सनातन वैदिक परम्पराको धरोहरको रुपमा पनि लिइन्छ । यसर्थ छन्दको आफ्नै महत्व र पहिचान रहेकाले यसको संरक्षण र प्रवर्द्धनमा सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

मैले उ संग कहिल्यै महंगो महंगो उपहार मागिन !
मागे त केवल समय !, सायद उसलाई त्यही महंगो लाग्यो र दिएन !!
*(माया थापाको फेसबुकबाट https://www.facebook.com.thapa.maya)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आहा ! क्या राम्रो रुकुम तकसेरा




चारैतिर अग्ला पहाडले घेरिएको पहाडको फेदी र भिरालो ठाउँमा बसाइएको मनै लोभ्याउने बस्ती रुकुम तकसेरा । लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुम पूर्वमा अवस्थित ऐतिहासिक ठाउँ । मुलुककै घुम्नलायक रमणीय गाउँको रूपमा स्थापित तकसेरा गाउँ पर्यटकीय दृष्टिले बिर्सनै नसकिने आकर्षक गन्तव्यस्थल हो ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजना र भूमे गाउँपालिका रुकुम पूर्वको समन्वयमा पालिकाको सभाहलमा २०८१ साल चैत ६ गते "स्थानीय तहमा कानुन तर्जुमा सम्बन्धी प्रशिक्षण कार्यक्रम" सकेर ५ बजे हामी तकसेरातिर लाग्यौं । भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देविलाल बिकले तकसेरा कम्युनिटी होमस्टेका सञ्चालक देवा रोका मगरलाई फोन गरी खाना र बासको लागि समन्वय गरिदिएका थिए । स्थानीयको भनाइमा डेढ घण्टा लाग्ने बाटो साँझको बेला भएर होला हामीलाई २/३ घण्टा लाग्यो । हुन त हामीले कल्पना गरे जस्तो त्यति नराम्रो र अप्ठ्यारो थिएन । तर अपरिचित भूगोल र नयाँ परिवेश भएर होला हामीलाई बाटामा कुनै बेला पट्यार लागेको अनुभूति हुन्थ्यो ।

यात्रामा मन्त्रालयका उपसचिव कृष्णप्रसाद नेपाल, कानुन अधिकृत धनबहादुर थापा, म र श्री खनाल गरी ४ जना थियौं । कहिले स्थानीयलाई सोध्दै त कहिले फोन गर्दै बल्ल ८ बजे हामी तकसेरा पुग्यौं । लामो बाटो, टोलीमा सबै थकित थियौं । शान्त लाग्ने गाउँ, मान्छेहरूको मन्द आवाज अनि कुकुरहरू भुक्दै गरेका । बारिबाट हेर्दा घरहरूमा टिलपिल बत्ती बल्दै गरेको । साँझको समय फेदीबाट गाउँतर्फ नियाल्दा तिब्बतको राजधानी ल्हासास्थित पोताला दरबारको दृश्यजस्तो देखिने । दिनभरको थकाइ गाउँको मनमोहक दृश्यले मेटाइदियो । तकसेरा कम्युनिटी होमेस्टेमा एसईइका विद्यार्थी र अन्य पाहुनाले गर्दा रुम प्याक भएको रहेछ । होटल साहुनीले हामीलाई पाहुना घरमा लगेर व्यवस्था गरिदिइन् । त्यहाँ ढिडो, सिस्नो र मासु खाने योजना बन्यो । पाहुना घरकी दिदीको नाम रामलीला साच्चै लीला नै गर्ने रहेछिन् । उनको मिठो स्वागतपछि हामी फ्रेस भयौं । ४/५ जना स्थानीय दाजुभाइ र दिदीबहिनीहरूसँग हाम्रो टिमको दोहोरी कार्यक्रम सुरु भयो । साहुनी दिदीले ढिडो ओराल्दै गीत गाउँदै थिइन् । हाम्रा सरहरूले पनि जवाफी कारबाही स्वरूप जोशिलो पारामा गीत फर्काउदै थिए भने मैले मादल बजाउँदै । गठबन्धन ढिडोको विषयले करिब एक घण्टा त्यहाँ माहोल तातेको थियो । गठबन्धन ढिडो यानिकि मकै, कोदो, फापर, जौ र भट्टको समिश्रण रहेछ । दोहोरी पछि धनबहादुर थापा सरबाट १/२ वटा गजल वाचन पनि भए । १० बजे खाना खाएर बिश्रामतिर लाग्यौं । एकैछिन गजलका रदिफ र काफियाका विषयमा पनि छलफल भए । त्यो पल धेरै रमाइलो र अविस्मरणीय रह्यो हाम्रो लागि । अर्कोतिर भने म भोलि बिहानको पर्खाइमा थिए किनकि भोलि बिहानको सूर्य किरणसँगै धित मरुन्जेल तकसेरा गाउँ हेर्ने मन थियो । अंगालोमा बेरेर चुम्वन गर्ने मन थियो । ४/५ वर्षदेखिको तकसेरा पुग्ने रहर थियो, त्यसैले पनि म धेरै आतुर थिएँ ।

अर्को दिन बिहान चौतारीमा बसेर धेरैबेर गाउँतर्फ नियाल्यौं र २ पटक गाउँको परिक्रमा गऱ्यौं । सम्झनाको लागि २/४ थान सिङ्गल र समूहका फोटो र भिडियो सेसन पनि भए । एउटा निश्चित स्थानमा मिलेर बनेका समान किसिमका अजिब घरहरू । गिलास खप्टाएजस्तो गरी बनेका घरका संरचनाले हाम्रो मनै लोभ्याए । एउटा घर, अर्को घरसँग जोडिएको अनि एउटा घरको छत माथिल्लो घरको आँगन । छेउबाट पारिका घरहरूमा सहजै पुग्न सकिने । मानौं विदेशी दातृ निकायले परिकल्पना गरेर तयार गरिएको एकीकृत बस्तीको ढाँचाजस्तो । खेतीयोग्य जमिनलाई अलग्गै साँचेर बसाइएको बाक्ला बस्ती । यस गाउँका घरहरू पूर्णतः ढुङ्गा, माटो र काठले बनेका रहेछन् । मानव बसोबासको हिसाबले तकसेरा देशकै नमुना मानिन्छ । मगर जातिको बाहुल्यता रहेको उक्त गाउँमा दलित र गुरुङको समेत बसोबास रहेछ । २०३१ सालअघि बाग्लुङ जिल्ला अन्तर्गतको एक गाविस थियो भने पछि रुकुम जिल्लाको एक गाविस बन्न पुगेको त्यहाँ पुगेपछि हामीले थाहा पायौं । हाल पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १० र पालिकाको केन्द्र पनि सोही वडाको तकसेरा नै रहेछ । करिब २५ सयको उचाइमा रहेको यस गाउँको क्षेत्रफल ७५.०५ वर्गकिलोमिटर रहेछ । २०६८ को जनगणनाअनुसार यस वडाको जनसंख्या ३६९८ थियो भने हालको जनसंख्या घटेर २०४३ रहेको अभिलेखवाट देखिन्छ । ५ सय भन्दा बढी घरधुरी रहेको तक गाउँमा रोजगारी, शिक्षा, स्वास्थ्य, व्यवसायको खोजीमा अन्यत्र बसाइ सरेकोले जनसंख्या कम हुँदै गएको स्थानीय बासिन्दा बताउँछन् । तल्लो सेरा, उपल्लो सेरा र बाछीगाउँ तक पछिका ठूलो क्षेत्रफल ओगटेका गाउँ रहेछन् । तक र सेरा दुई छिमेकी गाउँलाई नै समग्रमा तकसेरा भन्दा रहेछन् । बाक्ला बस्ती ढोरपाटनबाट पश्चिमतर्फ बहने उत्तरगङ्गा नदीले छुट्याएको । स्थान र नाम फरक भए पनि संस्कृति, रहनसहन तथा अन्य दृष्टिले यी दुई गाउँ भिन्न छैनन् । तकसेरा नाम यसैको संयुक्त रूप हो । यहाँका मानिसहरू आफूलाई निकै व्यस्त राख्न मन पराउँछन् । माहुरी जस्तै मेहनती, लगनशील र पौरखी छन् । खेतीपाती र पशुपालन उनीहरूको मुख्य पेसा हो । खेतीपातीमा अर्मपर्म अपनाउनु उनीहरूको सामाजिक परम्परा नै रहेछ । सामुहिकतामा विश्वास गर्दा नै आफ्नो अस्तित्व रक्षा भएको स्वीकार्छन् उनीहरू । अन्नबाली उत्पादनमा उनीहरू विशेष दख्खल राख्छन् । अनाज भण्डारणको शैली उदाहरणीय छ । घरको छतमा भकारी सजाएर राख्न निकै मन पराउँछन् । भकारीमा बर्खे बाली मकै, कोदो, फापर, जौ, तोरी, आलु राख्छन् । कसै कसैले स्याउ र फर्सी पनि राखेका हुन्छन् । प्रत्येक घरमा एक बाली एक भकारी हुनु सामान्य जस्तै रहेछ ।

तकसेरालाई चिनाउन राडीपाखी (काम्लो) को उल्लेख्य भूमिका छ । कोसेलीका लागि राडीको प्रयोग गरिएका घटना कुनै कहावत वा मिथकजस्ता लाग्छन् । पाहुनाहरूलाई जिल्लाको तर्फबाट प्रदान गरिने कोसेलीको रूपमा तकसेराको राडीपाखी उपहार दिने परम्परा अझै कायमै छ । तकसेरामा परम्परागत घरेलु विधिबाट राडी बुनिन्छ यहाँ अझै पनि परम्परागत हाते कलाबाट ऊनीका राडीपाखी, फेरुवा, हार्दुला बुन्ने गरिन्छ भने ओखर खेती पनि गरिन्छ । ऊन उत्पादनका लागि भेडाबाखा पाल्नु निर्विकल्प पेसा हो । यहाँको दैनिक अर्थ व्यापारलाई चलायमान बनाउन भेडाबाखा, ऊन, राडीपाखीको योगदान ठूलो रहेछ । पछिल्लो समय अल्लोको धागो सङ्कलन र बिक्री वितरणमा समेत तकसेरा कहलिएको छ । स्थानीय बासिन्दा मिहिनेती मात्रै छैनन् व्यापारमा पनि निकै खप्पिस रहेछन् पुसको चिसोलाई प्रवाह नगरी बास बस्दै बस्दै राडीको भारी बोकेर रिडी आएको मैले सानै देखि सुने र देखेको कुरा पनि हो । पाल्पा, गुल्मी र स्याङ्जाको संगमस्थल रिडीमा रुकुम र रोल्पाको काम्लो भनेपछि कोसेलीका लागि भए पनि किन्नेको भिड नै लाग्छ । फरक भूगोल, सम्प्रदायका व्यक्तिसँग नजिकिन हिच्किचाउँदैनन् । अपरिचित वा कुनै बिरानोलाई गाँस बासको आश्रय दिनु धर्म ठान्छन् । पाहुना पाल्ने संस्कृति उनीहरूको विशिष्टता हो । पाहुनालाई गरिने आदर, सत्कार र सम्मान बडो घतलाग्दो छ । गाउँका युवाहरू विशेष गरी मीत-मीतेनी, सम्धि-सम्धिनी लाउन रुचाउँछन् । मीत र सम्धि सम्धिनीलाई परिवारको एउटा हिस्सा मान्दा रहेछन् । हामी जाने दिन पनि पाहुना घरमा धेरै टाढाबाट बाउछोरा आएका थिए । पछि बुझ्दा उनी मित थिए र वर्षौंपछि त्यहाँ आएका रहेछन् । प्रायः घरमुली महिला हुन्छन् । पुरुषको तुलनामा महिला बढी स्वावलम्बी छन् । श्रमको निकै सम्मान गर्छन् ।कामलाई सानो ठूलो भन्दैनन् । भूमे गाउँपालिकाका अध्यक्ष होम प्रकाश श्रेष्ठका अनुसार झाँक्री मेला त्यहाँको अनौठो र रहस्यमयी संस्कार रहेछ । आधुनिक चिकित्सा प्रणालीलाई ठाडै चुनौती दिने गरी अझै पनि धामीझाँक्रीबाट ओखतीमुलो गर्छन् । धामीझाँक्रीले ठम्याउने जडीबुटीमा विश्वास गर्छन् । झाँक्रीलाई रमा र बस्ने घरलाई जिम भन्दा रहेछन् । धेरै उचाइको लेकाली भू-भागमा अवस्थित यो रामाजिमा धार्मिक गन्तव्यको थलो रहेछ । तकसेराका बासिन्दाले भदौ पूर्णिमा (जनैपूर्णिमा) को दिन भेडाको बलि दिएर बराहको पूजा गर्छन् । आहा ! क्या राम्रो रुकुम तकसेरा आफैमा इतिहास, संस्कृति र प्रकृतिको त्रिवेणी रहेछ । ५० को दशकसम्म यहाँ निकै विदेशी पर्यटक आउने गर्थे भन्ने इतिहासले बोल्दछ । यसो हुनुमा बेलायती नागरिक डेबिड वाटर्सले तकसेरामै बसेर मगर खाम भाषाको गहन अध्ययन गरी भाषाशास्त्रमा अमेरिकाको ओरेगन विश्वविद्यालयबाट पिएचडीको शैक्षिक उपाधि हासिल गरेकोबाट बुझ्न गाह्रो छैन् । विख्यात जर्मन मानवशास्त्री माइकल अपिज सन् १९७० को दशकमा ७ वर्ष बसाइ गरी यहाँको झाँक्री, समाज र संस्कृतिमा व्यापक, खोज र अन्वेषण गरी विविध सोधग्रन्थ प्रकाशन गरे । साथै, उनले ६ घण्टा लामो वृत्तचित्र ( डकुमेन्ट्री) तयार गरेका थिए । संवत् २००७ सालपछि राष्ट्रसंघबाट खटिएका टोनी हागन ढोरपाटन हुँदै उत्तरगङ्गा नदीको किनारको यात्रा गर्दा उनले तकसेरा गाउँ नियाल्ने मौका पाए । तकसेराको सौन्दर्यबाट मोहित बनेका यी स्विस भूगर्भविद्ले खिचेको तस्बिर देखेपछि आकर्षित बनेका राजा वीरेन्द्र यस गाउँको भ्रमण गर्न इच्छाएको मानिन्छ । तकसेराका तत्कालीन प्रधानपञ्च बलमान पुन र रुकुम बाँफीकोटका ुवविक्रम शाहको पहलमा २०४० साल माघमा तत्कालीन राजा वीरेन्द्रबाट यस गाउँमा राजकीय भ्रमण भएको रहेछ । वीरेन्द्रका साथमा रानी ऐश्वर्य, प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठ लगायत विशिष्ट व्यक्तित्वहरू समेत भ्रमणमा सामेल थिए । राजाले तक र सेराका बासिन्दालाई सहज होस् भनेर उत्तरगङ्गा नदीमा लामो दुरीको झोलुङ्गे पुल बनाउन लगाए । सोही समयमा रानीले यस गाउँलाई धेरै मन पराएर पुनः २/३ पटक तकसेरा घुम्न आएको कुरा तकसेराका वडा अध्यक्ष भरत बुढाले बताए । उनका अनुसार विश्वको कुनै पनि देशमा उनीहरू नपुगेका छैनन् । लाहुरेको संख्या पनि रुकुम तकसेरामा उल्लेख्य रहेछ । पहिलो र दोस्रो विश्वयुद्धका क्रममा गोर्खा पल्टनमा भर्ती भई लडेका युद्धका कथा वास्तवमै साहसिक र कारुणिक लाग्छन् । १० वर्षे जनयुद्धका क्रममा यस गाउँले ठूलो कहर काट्यो । यी भेगहरू माओवादीका आधार इलाका अन्तर्गत थिए । दिनमा प्रहरी र सेना अनि रातभर माओवादीको मार्चपास त्यस बेलाको दैनिकी जस्तै थियो । दुवै पक्षको हप्कीदप्की त्यस्तै थिए । २०५२ सालबाट माओवादीले जारी राखेको सशस्त्र विद्रोहको प्रभावले विदेशीले पाहुनाको आगमन कम भएको रहेछ । २०५६ साल चैतमा तकसेरा प्रहरी चौकीमा आक्रमण हुँदा १४ प्रहरी र २ जना माओवादीको मृत्यु भएको पुथा उत्तरगङ्गा गाउँपालिका अध्यक्ष पुनीराज घर्तीले बताए । पालिकाका उपाध्यक्ष नरपुरा बुढा पुन तथा मगर समुदायका अगुवाका अनुसार इतिहासमा बाइसे-चौबीसे राज्यको पालादेखि नै मगर समुदायमा मातृसत्तात्मक प्रणाली चलेको बताउँछन् । उनीहरूका अनुसार त्यतिबेला बाहिरी आक्रमणबाट मगर राज्यलाई जोगाउन घरको सबै अधिकार महिलाको जिम्मा छाडेर पुरुषहरू लडाइँमा जान्थे । केही पुरुषहरू कमाउन देश तथा विदेश जाने र भेडाबाखा चराउन गोठालो जाने भएकाले आर्थिक जिम्मा महिलाकै काँधमा हुने र परिवार उनीहरूकै खटनपटनमा चल्ने रहेछ ।

(-बाँकी ३ पेजमा...)

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । मित्रबाट सहयोग मिल्नेछ । | **तुला** : सहयोगी हातहरू अघि बढ्नेछन्। पारिवारिक साथ र सद्भाव बढ्नेछ । |
| **बृष** : ताके अनुरूप काम नबन्नाले दिक्क लाग्ला । झुटा आरोप पनि खेप्नुपर्ला । | **बृश्चिक** :सामाजिक कार्यबाट सफलताको योग छ । जोशजाँगर बढ्नेछ । |
| **मिथुन** : शुभ समाचार सुन्न पाइनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। | **धनु** : कुनै समाचारले मनमा खुसी छाउनेछ । पारिवारिक सहयोग मिल्नेछ। |
| **कर्कट** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । आत्मिक सन्तुष्टि मिल्नेछ । | **मकर** : तनाव बढेको महसुस हुनेछ । आर्थिक पक्ष भने राम्रो हुने देखिन्छ । |
| **सिंह** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । इच्छाहरु पूर्ण हुनेछन् । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । अकस्मात् सफलता हात पर्न सक्छ । |
| **कन्या** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । प्रेममा मनमुटाव आउला । | **मीन** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । पढाई पनि राम्रो हुनेछ । |

# शिक्षा

## पुस्तक प्रदर्शनी : ४० प्रतिशतसम्म छुट



'सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' भन्ने उद्घोषसहित नेपाल प्रज्ञा-प्रतिष्ठानमा पुस्तक प्रदर्शनी भइरहेको छ ।

नयाँ वर्ष २०८२ सालको अवसरमा शुरु गरिएको प्रदर्शनी यही वैशाख २८ गतेसम्म हुने बताइएको छ । नेपाली भाषा, साहित्य, संस्कृति, कला, इतिहास, दर्शनशास्त्र र समाजशास्त्र लगायतका पुस्तकहरू प्रदर्शनीमा राखिएको नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदीले बताए । उनले प्रदर्शनीमा २०७० सालअघि प्रकाशित भएका पुस्तक तथा पत्रिकाहरू ६० प्रतिशत छुट र २०७१ सालयता प्रकाशित भएका पुस्तकहरू खरिद गर्ने व्यक्ति वा संस्थाका लागि विशेष ४० प्रतिशतको छुटको व्यवस्था रहेको बताए । शब्दकोषहरुमा समेत २० देखि २५ प्रतिशतसम्म छुट रहेको सुवेदीले बताए । उनले भने,'हामीले प्रष्ठिानमा भएका पुस्तकहरुको बिक्रीको लागि समय समयमा पुस्तक प्रदर्शनहरु गर्ने गरेका छौं । खास गरेर नयाँ वर्षको अवसरमा र अन्य समयमा पनि हामी पुस्तक प्रदर्शन गर्छौं । नयाँ वर्ष २०८२ सालको अवसरमा हिजोदेखि हामीले पुस्तक प्रदर्शन सुरु गरेका छौं । यस प्रदर्शनमा नेपालका बहुमूल्य कृतिहरु हामीसँग छन् । हामीसँग रहेका अंग्रेजी र संस्कृति लगायत पुस्तकका लागि छुटको पनि व्यवस्था गरेका छौं । २०७० सालसम्मका पुस्तकका लागि ६० प्रतिशतसम्म छुट र त्यसयता प्रकाशनमा आएका पुस्तकहरुको लागि ४० प्रतिशत छुट दिइएको छ । त्यसैगरी शब्दकोषहरु हेरेर २०/२५ प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ ।'

प्रदर्शनीमा अमरकोश, नेपाली साहित्यकोश, कौटिल्यको अर्थशास्त्र, जाँ ज्याक रुसको कन्फेसन्स, ईषादि नौ उपनिषद्, ग्रिक महाकवि होमरको ओडिसी, हरेराम जोशीको प्राचीन अभिलेख, गुमानसिंह चाम्लिङको एरिस्टोटल लगायतका पुस्तक र कृतिहरु राखिएका छन् । *-रातोपाटी डटकम*

## कक्षा १२ को परीक्षा हुने परीक्षा बोर्डको भनाइ




राष्ट्रिय परीक्षा बोर्डले यही वैशाख ११ गतेबाट शुरु हुने कक्षा १२ को परीक्षा स्थगित नगरिएकाले परीक्षाको तयारीमा निरन्तर लाग्न विद्यार्थीहरुलाई आग्रह गरेको छ ।

शिक्षक आन्दोलनका कारण कक्षा १२ को परीक्षा स्थगित भएको जनाउँदै शुक्रबार सामाजिक सञ्जालमा संप्रेषण भएको सूचनाले विद्यार्थीलाई भ्रमित पार्न खोजेको भन्दै यस्ता भ्रमा नपरी परीक्षाको तयारीमा जुट्न विद्यार्थीहरुलाई बोर्डल आग्रह गरेको छ । बोर्डले विज्ञप्ति जारी गर्दै परीक्षा पूर्वनिर्धारित तालिकाअनुसार हुने जानकारी दिँदै सामाजिक सञ्जालमा आएको विज्ञप्ति अनधिकृत भएकाले भ्रम फैलाउनेलाई कारबाही गरिने जनाएको छ । बोर्डले सहज वातावरणमा परीक्षा सञ्चालनका लागि समन्वय र सहकार्य गर्न अभिभावक, शिक्षक एवं प्रधानाध्यापकलाई अपील पनि गरेको छ । परीक्षा जस्तो संवेदनशील विषयमा बोर्डको लेटरप्याडमा अध्यक्षको हस्ताक्षर राखि अनधिकृत र भ्रामक सूचना सम्प्रेषण गर्ने उपर साइबर कानुनअनुसार आवश्यक कारबाहीका लागि प्रकृया अगाडि बढाइएको बोर्डले विज्ञप्तीमार्फत जनाएको छ ।

बोर्डको वेभसाइटमार्फत् सूचना सार्वजनिक हुने हुँदा अन्य श्रोतबाट प्रवाह भएका कुनै पनि सूचनामा भर नपर्न अनुरोधसमेत गरेको छ । *-हाम्राकुरा डटकम*

## प्रविधिमैत्री बन्दै कामपाका विद्यालय

काठमाडौँ महानगरपालिकाले शैक्षिक गुणस्तरको लागि सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउन थालेको छ । कामपा-२६ ले पनि लैनचौरस्थित शान्ति विद्या गृह माध्यमिक विद्यालयलाई प्रविधिमा आधारित शिक्षण सिकाइ क्रियाकलापका लागि २० वटा डिजिटल बोर्ड हस्तान्तरण गरेको छ ।

वडाध्यक्ष श्यामराज तिवारीले विद्यालयका प्रधानाध्यापक शिवकुमारी बराल घिमिरेलाई वोर्ड हस्तान्तरण गरेका हुन् । प्रदान गरिएका बोर्डहरू ६५ इन्चका छन् । वडाले सार्वजनिक खरिद प्रक्रियाबाट रु४३ लाख ५९ हजार ५४० मूल्यमा सामान प्राप्त गरेको हो । बोर्ड हस्तान्तरण गर्दै वडाध्यक्ष तिवारीले भने, 'पूर्वाधार, सामान तथा उपकरण र प्रविधि प्राप्त गर्नु भनेको गुणस्तरीय कार्यक्रमका जग हो सही उपयोग भएन भने नतिजा आउँदैन । यसकारण शिक्षकहरूले पनि आफूलाई समयसापेक्ष रुपान्तरण गर्दै प्रविधिमा आधारित कक्षा सञ्चालनमा दक्ष बनाउनुपर्छ । तालिम आवश्यक परे भन्नुपरो त्यसका लागि कामपा उपलब्ध गराउन तयार छ ।' उनले विद्यालयका लागि करिब रु ४० लाख लागत बराबरको कम्प्युटर ल्याब बनाउने योजना सार्वजनिक खरिद प्रक्रियामा रहेको समेत जानकारी दिँदै सबै प्रक्रिया पूरा भएपछि जडान हुने बताए । वडाबाट गरिएको लगानीले विद्यालयलाई कामपाकै नमूना विद्यालयका रुपमा विकास गर्नका लागि हो । वडाध्यक्ष तिवारीले अपेक्षा राखे । शैक्षिक गुणस्तर विकासका लागि आउँदो १० वर्षपछिको समय पूर्वानुमान गरेर अहिलेदेखि नै कार्यक्रम कार्यान्वयनमा लैजानुपर्ने विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष भण्डारीले धारणा थियो । वडाका सचिव केदार रिमालका अनुसार स्थानीय परिवेशलाई विश्वको अवस्थासँग दाँजेर प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न कामपाका कार्यक्रममा वडाले आफ्नो लगानी जोडेको बताए ।

त्यस्तै कामपाले केही दिन अघिमात्रै सामुदायिक विद्यालयका कक्षाकोठामा ५० हजार घण्टा क्षमता भएको स्मार्ट बोर्ड जडान सुरू गरेको थियो । कामपाले रामशाह पथमा रहेको पद्मोदय माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड जडान गरी उक्त कार्यको थालनी गरेको थियो । कामपाको गौरव योजनाअन्तर्गत 'गरी खाने शिक्षा, महानगरको इच्छा' कार्यक्रमअन्तर्गत सूचना प्रविधिमैत्री विद्यालय, डिजिटल शिक्षण सिकाइ कार्यक्रमका लागि चालु र क्रमागत गरेर करिब रु २० करोड विनियोजित रहेको कामपाको निमित्त शिक्षा अधिकारी केशव ज्ञवालीले बताए । *-रासस*

## आहा ! क्या राम्रो...

...रुकुमका खामभाषी मगर समुदायका पुरुषले वर्षौंदेखि आफूले कमाएको पैसा परिवारका महिलालाई राख्न दिने र चाहिएको बेला मागेर चलाउने गर्दै आएका छन् । पुरुषले आफूले कमाएको पैसा घरमा आमा, आमा नभए जेठी दिदी, जेठी भाउजू वा घरबाट छुट्टिएर बसेको भए श्रीमतीलाई राख्न दिने चलन रहेछ । तकसेरा मात्रै नभएर रुकुमको हुकाम, मैकोट, कात्री, लुहुम, कलराङ्सी, महत, कोल, जाङ, प्वाङ, मोरवाङ, चुनवाङ, स्यालापाखा, दुली लगायतका ठाउँका मगर समुदायमा आर्थिक रूपमा महिला नै सर्वेसर्वा रहँदै आएका छन् । श्रीमान र छोराहरूको कमाइका साथै भेडाबाख्रा, खसीबोका, अन्नपात, जडीबुटी र राडीपाखी बेचेर हुने आम्दानी पनि महिलाले नै राख्छन् । अहिले संविधानमा महिला अधिकारको कुरा लेखिएको छ । यहाँका मगर समुदायमा भने हालको संविधानमा भएको प्रावधान परापूर्वकालदेखि नै अपनाएको र महिला अधिकार सम्पन्न भएको उपाध्यक्ष बुढाले बताए । विशेष गरी खामभाषी मगर समुदायमा साम्यवाद र मातृसत्तात्मक प्रणाली झल्कने गरेको देखिन्छ । जग्गाजमिन, पशु चौपाया किनबेच गर्दा होस् वा छोराछोरीको विवाह गर्दा वा ऐंचोपैंचोमा महिलाकै निर्णय अन्तिम हुन्छ । अपवादको रूपमा मात्रै आर्थिक कारोबार पुरुषको हातमा हुने भूमे गाउँपालिकाका उपाध्यक्ष सविना बुढामगर बताउन्छिन् । साथै, उनले अन्य समुदायमा छोराले मात्रै दागबत्ती दिने चलन भए पनि मगर समुदायमा पहिलेदेखि छोरीले समेत दागबत्ती दिने गरेको बताइन् । घरमुली नै प्राय: महिला हुने भएकोले उनीहरूले हुन्छ नभनेसम्म कुनै पनि काम नहुने देखिन्छ । तकसेराका एक जना स्थानीय शिक्षक भन्छन्, हामीले कमाएर दिन्छौं त्यसपछि कहाँ, कसरी, कुन काममा खर्च गर्ने भन्ने निर्णय गर्ने अधिकार महिलाकै हुन्छ । यस्तै रमाइला इतिहासका गाथाहरूले कोरिएका तकसेराको अनुभव र अनुभूति मनको डायरीमा सङ्कलन गरी प्यारो गाउँसंग बिदाइका हात हल्लाउँदै फर्किने अनुमति माग्यौं । पाहुना घरकी रामलीला दिदीले अप्ठेरो मान्दै त्यहाँको संस्कार अनुसार सेतो टीका लगाइदिएर हातमा फूल र दही ख्वाइ पुन: छिट्टै भेट्ने बाचासहित हामीलाई बिदा गरिन् ।

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**

## अन्धकारमुक्ति
**बचत तथा ऋण सहकारी संस्था लि. रामपुर, पाल्पा**

## ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**पहिलो पटक प्रकाशित मिति २०८२/१/८ गते**

**अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि.रामपुर पाल्पाको तपसिल बमोजिमका ऋणी सदस्यहरुले संस्थाबाट लिएको ऋणको नियमित रुपमा बुझाउनुपर्ने साँवा, व्याज भुक्तानी तालिका अनुसार नियमित ऋण भुक्तानी नगरी ऋण लिदाका बखत गरेको शर्त उल्लङ्घन गरी ऋणको भाखा नघाएको हुँदा उक्त ऋण असुलीका लागि संस्थाबाट पटक –पटक ताकेता गर्दा पनि ऋण भुक्तानी नगरेकाले सहकारी ऐन २०७४,सहकारी नियमावली २०७५को परिच्छेद ८ को नियम ३०को उपनियम १(क) तथा लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६को परिच्छेद ६ को नियम २३ को उपनियम १(क) बमोजिम सम्बन्धित ऋणीले यो सुचना पहिलो पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा संस्थामा सम्पर्क राखी तिर्नु बुझाउनु पर्ने ऋणको साँवा,ब्याज र बाँकी वक्यौता सम्पूर्ण रकम तिर्न, बुझाउन वा रकम तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनुहुन यो ३५ दिने सुचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र पनि तिर्न , बुझाउनुपर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाई सकेको प्रमाण पेश नगरेमा ऋण सुरक्षणका लागि संस्थाको नाममा धित्तो स्वरुप लेखिदिएको घरजग्गा सहकारी ऐन २०७४,सहकारी, सहकारी नियमावली २०७५को परिच्छेद ८ को नियम ३०को उपनियम १को (ख) बमोजिम एवं लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६को परिच्छेद ६ को नियम २३ को उपनियम १ (ख) एवं संस्थाको ऋण असुली नीति तथा कार्यविधिले दिएको अधिकार प्रयोग गरी ऋणी तथा धित्तो जमानी दिने ब्यक्तिलाई समेत कालो सुचीमा राख्नको लागि लेखी पठाई धित्तो लिलाम विक्रीको प्रक्रिया अगाडि बढाईने ब्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।**

**ऋणी सदस्यको विवरण**

| ऋणी सदस्यको विवरण | ऋणी सदस्यको विवरण | ऋणी सदस्यको विवरण |
|---|---|---|
| नाम : चेत बहादुर सुनारी | नाम : गणेश प्रसाद आचार्य | नाम : अर्जुन मल्ल ठकुरी |
| जन्म : २०४३।०५।२८ | जन्म मिति : २०२४/०२/०७ | जन्म मिति : २०४५।०८।०३ |
| वर्ष : ३८ | वर्ष : ५७ | वर्ष : ३६ |
| ना.प्र.न : १०७९५९ | ना.प्र.न : ५७९७ | ना.प्र.न : ३९१०५५/१९७ |
| जि.प्र.का : पाल्पा | जि.प्र.का : पाल्पा | जि.प्र.का : पाल्पा |
| पिता : केशर सि सुनारी | पिता : शिव प्रसाद आचार्य | पिता : टिकाराम मल्ल |
| वाजे : गंगामुनी | बाजे : भिमलाल | वाजे : जगु मल्ल |
| ठेगाना : सिलुवा ४,पाल्पा | ठेगाना : खालिवन १, पाल्पा | ठेगाना : रामपुर न.पा.-५, पाल्पा |
| हाल : रामपुर न.पा.-७, पाल्पा | हाल : रामपुर न.पा.-८, पाल्पा | हाल : रामपुर न.पा.-५, पाल्पा |

| ऋणी सदस्यको विवरण | ऋणी सदस्यको विवरण | ऋणी सदस्यको विवरण |
|---|---|---|
| नाम : गोपाल बहादुर सुनार | नाम : शान्ति देवी अर्याल | नाम : कमल प्रसाद पोखरेल |
| जन्म मिति : २०२६/०८/२९ | जन्म मिति : २०२४/०९/१६ | जन्म मिति : २०१८/०२/१५ |
| वर्ष : ५५ | वर्ष : ५७ | वर्ष : ६३ |
| ना.प्र.नं : ३९-०२-७५-०१८३२ | ना.प्र.न : १०९१ | ना.प्र.नं : २१७९ |
| जि.प्र.का : पाल्पा | जि.प्र.का : पाल्पा | जि.प्र.का : पाल्पा |
| पिता : तेज बहादुर सुनार | पति : विष्णु प्रसाद अर्याल | पिता : सुर्य प्रसाद पोखरेल |
| बाजे : दिन बहादुर सुनार | ससुरा : रमानाथ अर्याल | बाजे : महेन्द्र पोखरेल |
| ठेगाना : रामपुर न.पा.- ६, पाल्पा | ठेगाना : खालिवन-१, पाल्पा | ठेगाना : रामपुर न.पा.-५, पाल्पा |
| हाल : रामपुर न.पा.- ६,पाल्पा | हाल : रामपुर न.पा.-८, पाल्पा | हाल : रामपुर न.पा.-७, पाल्पा |

| ऋणी सदस्यको विवरण | ऋणी सदस्यको विवरण | ऋणी सदस्यको विवरण |
|---|---|---|
| नम : राजेन्द्र प्रसाद देवकोटा | नाम : गुरु प्रसाद पराजुली | नाम : चित्रकला ढकाल |
| जन्म मिति : २०३५/०९/१८ | जन्म मिति : २०३१/१०/०१ | जन्म मिति : २०३१/११/०३ |
| वर्ष : ४६ | वर्ष : ५० | वर्ष : ५० |
| ना.प्र.न : ७२५४७ | ना.प्र.न : ४३६१८ | ना.प्र.नं : ३९३०५५/३५३ |
| जि.प्र.का : पाल्पा | जि.प्र.का : पाल्पा | जि.प्र.का : पाल्पा |
| पिता : यमनाथ देवकोटा | पिता : पदमराज पराजुली | पति : कमल ढकाल |
| बाजे : डेमनाथ देवकोटा | बाजे : केशरी लाल पराजुली | ससुरा : वेदराज ढकाल |
| ठेगाना : रामपुर न.पा.-७, पाल्पा | ठेगाना : रामपुर न.पा.-७, पाल्पा | ठेगाना : रामपुर न.पा.-७, पाल्पा |
| हाल : रामपुर न.पा.-६, पाल्पा | हाल : रामपुर न.पा-६, पाल्पा | हाल : रामपुर न.पा.-६, पाल्पा |

| ऋणी सदस्यको विवरण | ऋणी सदस्यको विवरण | ऋणी सदस्यको विवरण |
|---|---|---|
| नम : सुक माया सुनार | नाम : डिलमाया सुनार | नाम : डोलमाया गाहा मगर |
| जन्ममिति : २०४३/०७/०७ | जन्म मिति : २०४७/१०/१६ | जन्म मिति : २०३०/०१/०५ |
| वर्ष : ३८ | वर्ष : ३४ | वर्ष : ५१ |
| ना.प्र.नं : ३९३०५५/७४२ | ना.प्र.न : ३९१०५५/७३१ | ना.प्र.नं : ७३५५० |
| जि.प्र.का : पाल्पा | जि.प्र.का : पाल्पा | जि.प्र.का : पाल्पा |
| पति : ओम बहादुर सुनार | पति : भिम बहादुर सुनार | पति : राम बहादुर गाहा मगर |
| बाजे : विष्णु बहादुर | ससुरा : मान बहादुर | ससुरा : ईन्द्र बहादुर गाहा मगर |
| ठेगाना : रामपुर न.पा.-५, पाल्पा | ठेगाना : रामपुर न.पा.-३, पाल्पा | ठेगाना : दर्लङ्ग-७, पाल्पा |
| हाल : रामपुर न.पा.- ७, पाल्पा | हाल : रामपुर न.पा.-५, पाल्पा | हाल : रामपुर न.पा.-४, पाल्पा |

# आज छन्द दिवस मनाइँदै




**पाल्पा, वैशाख ७**/आज छन्द दिवस नेपालमा विविध कार्यक्रम गरी मनाइँदै छ । साहित्यको कविता विधामा प्रयोग हुने छन्दको संरक्षण गर्ने उद्देश्यसहित दिवस मनाउन लागिएको हो ।

कविता साहित्यमा छन्दको प्रयोग घट्दै गएपछि कवि माधव वियोगीले वि.सं. २०५३ साल वैशाख ८ गते छन्द बचाउ अभियान सुरु गरेका थिए । छन्दको प्रयोगलाई पुर्नस्थापना गर्ने प्रयत्न स्वरुप कवि वियोगीले अभियान सुरु गरेको दिनलाई नै हरेक वर्ष छन्द दिवसका रुपमा मनाउन थालिएको हो । छन्द दिवसको अवसरमा देशका अधिकांश साहित्यिक डबलीहरुमा छन्दमा लेखिएका कविताहरु वाचन गर्दै साहित्यिक कार्यक्रम आयोजना गरिदै छ । साहित्यमा काव्य संस्कृतिको रक्षा र छन्द शैलीको उजागर गर्न यो दिवस मनाइन्छ ।

साहित्यमा काव्य संस्कृतिको रक्षा र छन्द शैलीको उजागर गर्न साहित्य प्रेमीहरुले दिवसलाई महत्वका साथ मनाउने गर्छन् । छन्दलाई मात्रा र वर्ण, स्वतन्त्र वा मिश्रित, यति, वैदिक र लौकिक र पिङ्गल आदिका आधारमा विभाजन गरिएको छ । छन्दको सबैभन्दा प्रचलित प्रयोग पिङ्गल हो । छन्द-अद्भुत साहित्य प्रयोगलाई कविताका माध्यमबाट उतार्नु भने त्यति सजिलो छैन । छन्दमुलक लेखन कठिन लेखन हो । लेख्नमात्र हैन, वाचन गर्न पनि उतिनै कठिन हुन्छ । 'ह्र' कार, 'ऊ' कार जस्ता साना कुरालाई पनि मिलाउनु पर्ने र अन्य नियमहरुमा बाँधिएर कृति लेख्नु निकै चुनौतिपुर्ण हुन्छ । छन्द कवितालाई सनातन वैदिक परम्पराको धरोहरको रुपमा पनि लिइन्छ । यसको आफ्नै महत्व र पहिचान रहेको छ ।

# पाल्पा अस्पताल : दरबन्दी छ...

...उनले भने " अस्पताललाई पचास शैयाको भनेर प्रदेश सरकारले घोषणा गऱ्यो तर भौतिक पूर्वाधार र जनशक्तिको अभावका कारण २५ शैयाबाटै सेवा दिनु परेको छ, आउने डाक्टरहरुको लागि पर्याप्त काम पनि छैन, काम नभएपछि ओटी लगाउने कुरा पनि भएन, उहाँहरु अन्य ठाउँमा गए पर्याप्त सुविधा पाउनुहुन्छ होला, हाम्रोमा त्यस्तो छैन ।"

अध्यक्ष आत्रेयले दरबन्दीअनुसारका डाक्टर नभए पनि छात्रवृत्ति तथा समिति करारमा डाक्टरहरु राखेर सेवा दिदैं आएको बताए । 'हामी सेवामा प्रतिबद्ध छौं', उनले भने, 'अहिले हामीसँग दक्ष जनशक्ति र भौतिक पूर्वाधारको अभाव छ यसका लागि सम्बन्धित निकायसँग पहल गर्ने काम भइरहेको छ ।' 'सीमित जनशक्तिबाट गुणस्तरीय सेवा प्रवाह गर्नु परेको छ,' अध्यक्ष आत्रेयले भने, 'दैनिक बिरामीको संख्या बढ्दै गएको छ तर भौतिक पूर्वाधार अभावको समस्या जहाँको तँही छ ।' अस्पतालको हाल ७ रोपनी जग्गा छ । अस्पतालसँगै जोडिएको मोहन कन्या माविको छात्रावास रहेको जग्गा प्राप्तिका लागि केही वर्षयता पहल हुँदै आए पनि अहिलेसम्म सहमति पाउन सकेको छैन । 'पाल्पा अस्पतालको छेउमै रहेको जग्गा लिने र त्यसको सट्टामा मोहन कन्या अघि रहेको स्वास्थ्य कार्यालयको जग्गा दिने भन्ने हो,' अध्यक्ष आत्रेयले भने । उनले सरकारले तोकेको मापदण्ड बमोजिम जग्गा व्यवस्थापन गर्न मोहनकन्या माविसँग जग्गा साटफेर गर्ने प्रक्रिया पूरा गर्न सम्बन्धित निकायहरूमा निरन्तर पहल गरिने बताए ।

सरकारी अस्पतालमा विशेषज्ञ डाक्टर नहुँदा ठूलो रोग लागेमा युनाइटेड मिसन अस्पताल, लुम्बिनी मेडिकल कलेज, बुटवल, काठमाडौं, पोखरा लगायतका ठूला अस्पतालहरुमा जानुपर्ने बाध्यता रहेको स्थानीय कल्पना ज्ञवालीले बताइन् । अस्पताल प्रशासन प्रमुख डोमराज अर्यालले सरकारले दरबन्दी दिने डाक्टर नदिने गर्दा समस्या आएको बताए ।

# विदेशबाट फर्किएर...

...दुई बिघा जग्गा भाडामा लिएर बाख्रापालन गर्दै आएका अर्का किसान मनबहादुर बुढा बताउँछन् । बाबुबाजेले गरेको पेसा पशुपालन भएकाले यही नै उत्तम व्यवसाय लागेको उनको भनाइ छ । घाँसका लागि आफैं छर्ने गरेको हुँदा घाँसको समस्या नहुने उनी बताउँछन् ।

गत वर्ष मात्रै ५४ वटा बाख्रा रोग लागेर मरेका कारण दुई लाख ५० बढी घाटा भएको उनले सुनाए । यसैलाई निरन्तरता दिँदै जाँदा सफल हुँदै जानेमा उनीहरू आशावादी छन् । उनीहरूले एउटा खसीलाई ५४ हजारसम्म बिक्री गर्ने गरेका छन् । फार्ममा धेरै काम भएका बेला घरपरिवारले पनि सहयोग गर्ने भएको हुँदा अन्य कामदारको आवश्यक नपर्ने गरेको मनबहादुर बताउँछन् । सुरुमा आठवटा बाख्राबाट सुरु गरेको व्यवसाय हाल भने बढ्दै गएको छ । पछिल्लो समय जिल्लामा व्यावसायिक रूपमा नै बाख्रापालन गर्ने युवाको संख्या बढ्दो छ । बाख्राको बजार मूल्य राम्रो भएपछि किसान व्यवसायमा आकर्षित भएका हुन् । किसानले घर-घरमा थोरै भए पनि बाख्रा पालेर सामान्य घर खर्च चलाउने गरेका छन् । विशेषगरी गाउँघरमा किसानले घरमा दुई-चारवटा माउबाख्रा पालेर कमाएको रकम छोराछोरीको पढाइ खर्च, घर खर्च र केही रकम बचत गर्न थालेका छन् । जसले गर्दा दुई-चार रुपैयाँको समस्या बाख्रापालन व्यवसायले टर्ने गरेको किसान बताउँछन् । बाख्रापालन व्यवसायमा बजारीकरणको समस्या नहुने भएकाले यसबाट राम्रो आम्दानी गर्न सकिने किसानको भनाइ छ । - *रासस*

## खेलकुद समाचार

# नयाँबस्तीविरुद्ध भगवतीको सहज जित



**काठमाडौं, वैशाख ७**/सहिद स्मारक 'बी' डिभिजन लिगमा श्री भगवती क्लब टोखाले नयाँबस्ती युथ क्लबविरुद्ध ३-० को सहज जित निकालेको छ ।

आइतबार सातदोबाटोस्थित एन्फा मुख्यालयमा सम्पन्न पहिलो खेलमा भगवतीलाई जित दिलाउन देवस छन्त्याल, अमित लामा र विक्रान्त नरसिंह राणाले गोल गरे । भगवतीले पहिलो हाफमा नै तीन गोलको अग्रता लिएको थियो । खेलको तेस्रो मिनेटमा भगवतीका देवसले गोल गर्दै टोलीलाई अग्रता दिलाए । १६औं मिनेटमा अमितले टोलीको अग्रतालाई दोब्बर बनाए ।

३०औं मिनेटमा विक्रान्त नरसिंहले टोलीका निम्ति तेस्रो गोल गरे । पहिलो हाफमा पाएको यही अग्रतालाई अन्तिम समयसम्म जोगाउँदै भगवतीले जित निकालेको हो । जितसँगै भगवतीले उपाधि दौडमा दबदबा कायम राखेको छ । भगवती सात खेलमा पाँच जित, दुई बराबरीबाट कुल १७ अंक बनाउँदै दाम्रो स्थानमा छ । भगवतीको यो अंक शीर्ष टोली प्लानिङ ब्वाइजको भन्दा एक अंकले मात्र कम हो ।

नयाँबस्ती भने सातौं खेलमा चौथो हार खेप्दै एक जित र दुई बराबरीबाट पाँच अंक सहित रेलिगेसन जोनमा छ ।

# बुटवलमा...

...उपमहानगरले जितगढी उत्सव मूल समारोह, गोरखादेखि पैदलयात्रामा आएको नेपाली सेनाको टोलीलाई स्वागत गरेको छ । उत्सवको अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । उक्त उत्सवमा विभिन्न कलाकारहरूले देशभक्ति गीत तथा नृत्य प्रस्तुत गरेका थिए । गौरवमय इतिहास बोकेको जितगढी किल्लामा नेपाली सेनाले जितेको स्मरण गर्दै उत्सव मनाउने परम्परा कायम गरिएको हो । तीन वर्षयता नेपाली सेनाले गोरखाबाट यहाँ आउने पुरानो बाटोबाट पैदलयात्रा थालेको छ । यो वर्ष ११ दिनमा सेनाको पैदलयात्री टोली यहाँ आइपुगेको हो । वि.सं. १८७२ वैशाख ७ गते बुटवलको जितगढी किल्लामा तत्कालीन पाल्पाका सेन राजाले अंग्रेज फौजविरुद्ध युद्ध गरेका थिए । कर्णेल उजिरसिंह थापाको नेतृत्वमा रहेको फौजले नुवाकोटको डाँडाबाट सुरुङ बनाएर बुटवलको तिनाउ नदी छेउमा गढी निर्माण गरेका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



**पाल्पा, वैशाख ७**/अघिल्ला तीन कारोबार दिन लगातार बढेको सेयर बजार आइतबार घटेको छ । साताको पहिलो दिन सेयर बजारको परिसूचक नेप्से १६.६८ अंक घटेको हो । सो गिरावटपछि नेप्से २७०६ मा कायम भएको छ ।

बजार खुलेदेखि निरन्तरजसो घटिरह्यो । बैंकहरूले आइतबार सार्वजनिक गरेको तेस्रो त्रैमासिक वित्तीय विवरण कमजोर देखिएपछि लगानीकर्ता सशंकित बनेका हुन् । बैंकहरूको नाफा सामान्य १.४ प्रतिशत बढेको छ ।

तर त्यो नाफा वृद्धि बिजनेस बढेर नभई राष्ट्र बैंकबाट पाएको सहुलियतका कारण लोन लस प्रोभिजन घट्दा आएको हो । अर्कोतर्फ साँवा, ब्याज असुलमा बैंकहरू अझै कमजोर देखिएका छन् । यसले गर्दा औसत निष्क्रिय कर्जा बढेको छ । बैंक तथा वित्तीय संस्थाका सेक्टर नै सेयर बजारमा शक्तिशाली छन् । बैंक तथा वित्तीय संस्थाको वित्तीय रिपोर्ट कमजोर आएपछि अरु सेक्टरका कम्पनीको विवरण पनि खस्किन सक्ने अनुमान लगानीकर्तामा छ । जसले गर्दा बैंक तथा वित्तीय संस्थामा मात्रै नभई अरु सेक्टरमा पनि आज असर देखियो । वित्तीय विवरणबाहेक विभिन्न पक्षको आन्दोलनले पनि आइतबारको बजारलाई प्रभाव पाऱ्यो । आज नेप्से परिसूचक मात्रै घटेन, कारोबार रकम पनि घटेको छ । बिहीबार १० अर्ब ७९ करोडको कारोबार भएकोमा ८ अर्ब ४३ करोडको भयो । ५३ कम्पनीको मूल्य बढ्दा १९२ को घट्यो भने एउटाको स्थिर रह्यो । बैंकिङ, विकास बैंक, फाइनान्ससहित अधिकांश सेक्टर घटेका छन् । बैंकिङ ०.७०, विकास बैंक ०.७९, फाइनान्स १.२७, होटल तथा पर्यटन १.३६, हाइड्रोपावर १.२२, जीवन बीमा ०.८७, लगानी ०.०६, माइक्रोफाइनान्स ०.५४, निर्जीवन बीमा ०.२२ र अन्य १.०३ प्रतिशत घटे । व्यापार १.०२ र उत्पादन ०.५२ प्रतिशत बढे । दुई कम्पनीको मूल्य १० प्रतिशत बढेको छ । नेपाल माइक्रो इन्स्योरेन्स र क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्सको मूल्य १० प्रतिशत बढेको हो । यी दुवै कम्पनी बजारमा हालै सूचीकृत भएर कारोबार भएकाले केही दिनयता मूल्य १० प्रतिशत बढ्ने क्रम जारी छ ।

त्यस्तै कर्पोरेट डेभलपमेन्ट बैंकको ७.४९, बोटलर्स नेपाल बालाजुको ६.११, राधि विद्युतको मूल्य ५.९३ प्रतिशत बढ्यो । हिमालयन पावर पार्टनरको मूल्य सबैभन्दा धेरै ७.३३ प्रतिशत घट्यो । बलेफी हाइड्रोपावरको ७.२७, सप्तकोशी विकास बैंकको ४.९८ प्रतिशत मूल्य घट्यो । रकमका आधारमा धेरै कारोबार भएका पाँच कम्पनीमा क्रमशः राधि विद्युत, बलेफी हाइड्रोपावर, डादी ग्रुप पावर, निफ्रा र सानिमा माइ हाइड्रोपावर कम्पनी छन् ।



## वैदेशिक रोजगारमा जानुपूर्व ध्यान दिनुपर्ने कुरा

- श्रम स्वीकृती लिएरमात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारमा जाँदा गर्ने काम, लाग्ने खर्च र पाउने सेवा सुविधाको यकिन गरौं,
- वैदेशिक रोजगार व्यवसायीको आधिकारिकताका बारेमा सचेत बनौं,
- भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोकेबमोजिम रकम बुझाऔं र बुझाएको रकमको अनिवार्य भरपाई लिऔं,
- वैदेशिक रोजगारमा जाने देशको भाषा, संस्कृति, रीतिरिवाज र कानूनका बारेमा जानकारी प्राप्त गर्न अनिवार्य रुपमा अभिमूखीकरण तालिम लिऔं,
- सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराऔं,
- नेपाल सरकारद्वारा स्वीकृत कम्पनीमा जीवन बीमा गराऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई